ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था"

**ज्योति विकास बैंक लिमिटेड**
**केन्द्रीय कार्यालय, कमलपोखरी**

**प्रेस विज्ञप्ति**
**मितिः २०७९, जेठ २३ गते**

## ज्योति विकास बैंकको जहरसिंपौवा विस्तारित काउन्टर उद्घाटन

ज्योति विकास बैंकले २०७९ साल, जेठ २३ गते बैंकको साँखु शाखा अन्तर्गतको जहरसिंपौवा विस्तारित काउन्टरको औपचारिक उद्घाटन गरेको छ। बैंकको संजाल थप सुदृढ गर्ने क्रममा बैंकले काठमाडौंमा नयाँ विस्तारित काउन्टरको औपचारिक सुरुवात गरेको हो।

जहरसिंपौवा विस्तारित काउन्टरको समुद्घाटन शंखारापुर नगरपालिका वडा नं.०३ का वडा अध्यक्ष श्री सुर्य बहादुर तामाङ र बैंकका अध्यक्ष श्री हरि चन्द्र खड्काले संयुक्त रुपमा गर्नुभएको थियो। उद्घाटन समारोहमा बैंकका प्रमुख कार्यकारी अधिकृत श्री श्रीचन्द्र भट्ट लगायत विभिन्न पदाधिकारी र कर्मचारीहरु, ग्राहकवर्ग तथा स्थानीय व्यवसायीहरुको पनि उपस्थिति रहेको थियो।

विस्तारित काउन्टर उद्घाटनको अवसरमा बैंकले जहरसिंपौवा विस्तारित काउन्टरका ग्राहकहरुको निमित्त शुन्य मौज्दातमै QR Code, निःशुल्क डलर कार्ड जारी, निःशुल्क डिम्याट खाता, निःशुल्क मेरोसेयर रजिस्ट्रेशन, निःशुल्क डेबिट कार्ड, निःशुल्क मोबाईल बैंकिंग सेवा, निःशुल्क इन्टरनेट बैंकिंग सेवा , सबै मुद्दती निक्षेपहरुमा मासिक ब्याज भुक्तानी ,कर्जा सेवा शुल्कमा ०.२५% छुट लगायत विभिन्न सुविधाहरु प्रदान गर्ने भएको छ।

हालसम्म ज्योति विकास बैंकले ११७ शाखा कार्यालय, ३ एक्सटेन्सन काउन्टर तथा ६४ वटा ATM मार्फत सेवा प्रदान गर्दै आइरहेको छ ।

JYOTI BIKASH BANK LTD. • KAMALPOKHARI

.............................
रामहरि आचार्य
सूचना अधिकारी